नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
(प्रशासन तथा प्रेस शाखा)

फोन: ४११२०७७
४११२५५२
४११२५५४
४११२०५३
फ्याक्स: ४११२६५२
www.doinepal.gov.np
pressdoi8@gmail.com

प.सं.: २०७५/०७६
च.नं.: ९६६

मिति : २०७५/०५/०१

विषय:- विज्ञापन नमूना पठाइएको ।

श्री सम्पादकज्यू,
वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु ।

नेपाल सरकारले वर्गीकरणमा परेका पत्रपत्रिकाहरूलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको व्यहोरा अवगत नै छ । यसै सिलसिलामा मिति २०७५/०४/२८ गतेको च.नं. प्रेस २२/२९ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको पत्रबाट निम्न सन्देशहरु लोक कल्याणकारी विज्ञापनको रुपमा प्रकाशन गरिदिन अनुरोध भई आएको सन्दर्भमा देहायका विज्ञापनलाई प्राथमिकता दिई आलोपालो मिलाई प्रकाशन गर्ने व्यवस्था गर्नुहुन मिति २०७५/०५/०१ को निर्णयानुसार अनुरोध छ ।

(रुपा वि.क.)
शाखा अधिकृत

बोधार्थ:-
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार ।
श्री कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार ।
श्री सबै सञ्चार केन्द्रहरु :- उपर्युक्त अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।
श्री आर्थिक प्रशासन शाखा, सूचना तथा प्रसारण विभाग ।

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## २०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

## २०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी बापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्बन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिबाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिबाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिबाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- सार्बजनिक सेवा अबरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिबाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिबाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिबाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**२०७५ साद भदौ १ गते देख लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- हिंस्रक वा अन्य पशुपंक्षी राख्दा पूर्वसावधानी नअपनाई लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- चौपायालाई यातना दिएमा वा आफूले पालेका पशुपंक्षी रोगी वा वृद्धि भएको कारण सार्वजनिक रुपमा छोडेमा तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## २०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

## २०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः

- जबरजस्ती करणी गर्नेलाई महिलाको उमेरको आधारमा सात वर्ष देखि बीस वर्षसम्म कैद हुने,
- हाडनाता करणी गर्नेलाई नाताको आधारमा एक वार्ष कैद देखि जन्मकैद सम्म हुने,
- सरकारी कर्मचारीले थुनामा रहेका व्यक्तिसँग मञ्जुरीले नै करणी गरेमा समेत तीन वर्षसम्म कैद हुने,
- आफ्नो संरक्षण र सुरक्षामा रहेको व्यक्तिसँग मञ्जुरीले नै करणी गरेमा समेत तीन वर्षसम्म कैद हुने,
- कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग मञ्जुरीले नै करणी गरेमा समेत चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

## २०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु

- कसैको ज्यान मारेमा जन्मकैदसम्मको सजाय हुने,
- इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी इलाज गर्दा ज्यान मरेमा जन्मकैद र अंगभंग भएमा पन्ध्र वर्षसम्म कैद हुने,
- मञ्जुरी विना मानव शरीरमा कुनै परीक्षण गर्नेलाई तीन बर्षसम्म कैद र तिस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी परीक्षण गर्दा ज्यान मरेमा, ज्यान मारे सरह र अंगभंग भएमा अंगभंग भए सरह सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## २०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## २०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

## २०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु

- बैंक नोट वा सिक्का जलाउने, गाल्ने च्यात्ने वा बैंक नोटमा लेख्नेलाई तीन महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिबाना हुने,
- अनुमति बिना कसैको तस्वीर खिचेमा वा निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपमा तस्वीर बनाएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- अपराध पीडितलाई पीडकबाट क्षतिपूर्ति भराई दिने, मुद्दा फैसला नहुदै अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउने तथा सामाजिक न्याय सहितको पुनर्स्थापनाको हक हुने,
- बालबालिकालाई कसुर गर्न लगाएमा कसूर गर्न लगाउने व्यक्तिलाई सजाय हुने,
- कसूरदारले अनुसन्धान, अभियोजन र न्यायिक प्रकृयामा सघाउ पुऱ्याएमा पचास प्रतिशतसम्म सजाय छुट हुन सक्ने ।

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## २०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## २०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**